सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १६० ♦ २०८० साल फागुन १८ गते शुक्रवार ♦ 1 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेशमा वैदेशिक रोजगारीको विरह

**कमलेश ठाकुर**

**फागुन १७ गते, महेन्द्रनगर**

मधेश प्रदेशमा वैदेशिक रोजगारीले भित्र्याएको रेमिटेन्सबाट धेरैको जीवनस्तर सुधार भए पनि ज्यान गुमाउनेका परिवारजन, अंगभंग हुने, घरेलु हिंसा भोग्नेहरू भने कष्टकर जीवन बिताइरहेका छन्।

२० वर्षकै उमेरमा रोजगारीका लागि कतार पुगेका धनुषा शहीदनगर नगरपालिका-५ का मदन यादव वर्षदिन नबित्दै कार्यस्थलमै गम्भीर दुर्घटनामा परे। काम सकेर गगनचुम्बी भवन अगाडि कुर्सीमा बसेका वेला उनको शरीरमा माथिल्लो तल्लाबाट टायल्स बजारिएपछि उनी त्यहीं अचेत भएका थिए। घटना सन् २००९ को हो। मदन अहिले ३५ वर्षका भइसके। तर त्यही दुर्घटनाका कारण १५ वर्षदेखि उनी न हिंडडुल गर्न सक्छन् न बोल्न नै। शरीरको बायाँ भाग कामै गर्दैन। घाममा बस्नुपरे, खाना खानुपरे वा शौचालय जानुपरे इशारा गर्छन्। उनको सहारा नै ६४ वर्षीया आमा हुल्सीदेवी हुन्।



वैदेशिक रोजगारीका लागि कतार पुगेका धनुषा शहीदनगर नगरपालिका-५ का मदन यादव दुर्घटना पछि फकिए। तस्वीरः कमलेश

मदनका ६७ वर्षीय बुबा राममनोहर यादव थला परेको छोराको शरीर सुमसुम्याउँदै भावुक भइरहन्छन्। "सात वटा देशको अस्पतालमा उपचार गराइयो। तर छोरा निको भएन," राममनोहर भन्छन्।

मदनको टाउकोमा दुई इन्च गहिरो चोट छ। औषधि अभावले वेलावेला चोट बल्भिन्छ। मदनका भाइ शम्भु यादव स्थानीय स्वास्थ्य चौकीले औषधि दिन नमान्ने बताउँछन्। "औषधि लिन जाँदा बिरामी लिएर आऊ भन्छन्। बिरामी जान सक्ने अवस्थामा छैन," उनी भन्छन्, "सबैलाई गुहारिसकें। तर कसैले औषधि दिन र दिलाउन पहल गरेनन्।"

मदनलाई अपरिचित लागेका मानिस उनको कोठा छिरे भने सोध्न खोज्छन्- को हुन् भनेर। तर आवाज निस्किंदैन। अनि हातको औंला बजाउँदै इशाराले मनको कुरा बुझाउने प्रयास गर्छन्। त्यसपछि भक्कानिएर रुन थाल्छन्। "आफन्तहरू भेट्न आउँदा अँगालो हालेर रुन्छ," हुल्सीदेवी भन्छिन्, "हात समाएर बोलिराख्न खोज्छ। हात छोड्नै मान्दैन।"

धनुषाको तारापट्टी घर भई हाल महेन्द्रनगर बस्दै आएकी फूलकुमारीको विरह पनि वैदेशिक रोजगारीसँगै जोडिन्छ। दुई सन्तानको भविष्य सुन्दर बन्ने आशमा फूलकुमारीले आफ्नो गहना बेचेर श्रीमान्लाई मलेशिया पठाइन्। बिस्तारै सम्बन्धमा दरार आउन थाल्यो। श्रीमान्ले खोट लगाइरहन थाले। पहिरनमा प्रश्न गर्न थाले। यसले उनीहरूको सम्बन्धमै दरार आयो। अन्ततः फूलकुमारीका श्रीमान्ले विदेशिएको दुई वर्षपछि मलेशियामा आफू कार्यरत कम्पनीमा सहकर्मी नेपाली महिलासँग विवाह गरे।

त्यसयता फूलकुमारीको बिचल्ली भएको छ। होटलमा सफाइको काम गरेर छाक टार्दै आएकी छिन्।

अहिले सासूससुराले पनि बेवास्ता गरिरहेको उनी बताउँछिन्। "गाउँका अगुवाहरूले सम्झाउँदा उल्टै लाञ्छना

*बाँकी पृष्ठ २ मा*

## बर्दिवासका 'इको पार्क' संरक्षण अभावमा लथालिङ्ग



**खबर दर्पण समाचारदाता**

**फागुन १७ गते, बर्दिवास**

प्रदेश सरकारले लाखौं मूल्य खर्च गरेर महोत्तरीको जङ्गल क्षेत्रमा निर्माण गरिएका वातावरणीय महत्वका 'इको पार्क' हरू संरक्षण अभावमा लथालिङ्ग अवस्थामा पुगेका छन् ।

बर्दीबास नगरपालिका-४, माईस्थान र वडा नं १० लक्ष्मीनियामा निर्माण गरिएका दुवै पार्क व्यवस्थापनको लापरबाहीले प्रदूषित र प्रयोगविहीन भएका छन् ।

पार्क निर्माण सम्पन्न भएको दुई वर्ष बितिसक्दा पनि त्यसको न उद्घाटन भएको छ न रेखदेखको व्यवस्था मिलाइएको छ । यो पार्क सर्वसाधारणका लागि खुला पनि गरिएको छैन । तत्कालीन प्रदेश २ सरकारको पुंजीगत कार्यक्रम अन्तर्गत जनही २० लाख रुपियाँ बजेट खर्चेर निर्माण


*बाँकी पृष्ठ ३ मा*

**सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।**

**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेशमा वैदेशिक रोजगारीका............

लगाउँछन्," उनी भन्छिन्, "जो सम्झाउन र बुझाउन गयो उसैसँग सम्बन्ध जोडेर गाली गर्छन्। त्यस कारण म अब कसैलाई केही भन्न जाँदिनँ।"

**रेमिटेन्ससँगै भित्रिन्छ पीडा**

मदन र फूलकुमारी केवल प्रतिनिधि पात्र हुन्। मधेश प्रदेशमा वैदेशिक रोजगारीले भित्र्याएको रेमिटेन्सबाट धेरैको जीवनस्तरमा सुधार भए पनि ज्यान गुमाउने, अंगभंग हुने, घरेलु हिंसा पीडित हुने धेरै छन्। वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार यस आर्थिक वर्षको साउनदेखि माघसम्म नेपालबाट औसत दुई हजार जना रोजगारीकै लागि विदेशिएका छन्। गत आर्थिक वर्षमा मात्र सात लाख ७१ हजार ३२७ जनाले श्रम स्वीकृति लिएका थिए।

मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या पनि उच्च छ। आर्थिक वर्ष २०७९/८०मा मधेश प्रदेशबाट एक लाख ८१ हजार ६१३ जनाले श्रम स्वीकृति लिएका थिए। जसमध्ये तीन हजार ६२३ महिला थिए। त्यसमा पनि धनुषाबाट सबैभन्दा बढी ३९ हजार ३११ जनाले श्रम स्वीकृति लिएका थिए। धनुषाबाट हालसम्म दुई लाख १६ हजार १२२ जनाले श्रम स्वीकृति लिइसकेका छन्। तर जोखिमपूर्ण काम, सीप अभाव र छिटो ऋण चुक्ता गर्नुपर्ने दबाबका कारण मधेश प्रदेशका बर्सेनि करीब ३०० युवा विदेशमै मृत्युवरण गरिरहेका छन्। मधेश प्रदेशबाट मात्रै आव २०७७/७८ मा ३०१ जनाले ज्यान गुमाएको सामी परियोजनाका अधिकृत वीरेन्द्र ठाकुर जनाउँछन्। उनका अनुसार २०७८/७९ मा यो संख्या बढेर ३५४ पुग्यो भने २०७९/८० मा २४० जनाले विदेशमा ज्यान गुमाए।

यो संख्या मृत्युपछि श्रम बीमा बापत पैसा लिनेहरू मात्रैको हो। नलिनेहरूको संख्या पनि वार्षिक १०० को हाराहारीमा हुने गरेको वैदेशिक रोजगार हकहितका लागि काम गरिरहेका रामकुमार कर्ण बताउँछन्।

यस्तै, मधेश प्रदेशमा प्रहरीमा दर्ता हुने घरेलु हिंसा विरुद्धको निवेदन पनि बढ्दो छ। मधेश प्रदेश प्रहरीका प्रवक्ता तथा प्रहरी उपरीक्षक श्यामकुमार महतोका अनुसार प्रदेशमा आव २०७७/७८ मा घरेलु हिंसा विरुद्धको तीन हजार ५४७ निवेदन दर्ता भएको थियो। यो संख्या आव २०७८/७९ मा चार हजार ४७५ पुग्यो। त्यस्तै, आव २०७९/८० मा चार हजार ९२२ निवेदन दर्ता भएको थियो। चालू आर्थिक वर्षको पुससम्म मात्रै हिंसा विरुद्धको निवेदन दर्ता दुई हजार ७३४ छ।

यस्तै, बहुविवाहको मुद्दा पनि वर्षैपिच्छे बढ्दै गएको छ। आव २०७७/७८ मा १०७ बहुविवाहको मुद्दा दर्ता भएकोमा २०७८/७९ मा १२१, २०७९/८० मा पनि १२१ र चालू आव २०८०/८१ को माघ ७ गतेसम्म ४० वटा मुद्दा दर्ता भएको प्रहरी उपरीक्षक महतो जनाउँछन्।

प्रहरी उपरीक्षक महतोका अनुसार यस आवमा दर्ता भएका कुल घरेलु हिंसामध्ये करीब ५०० मा प्रत्यक्ष/परोक्ष वैदेशिक रोजगार जोडिएको छ। ओरेक धनुषाकी अधिकृत वीणा सिंह पनि प्रदेशका प्रत्येक जिल्लामा प्रत्यक्ष रूपमा वैदेशिक रोजगारी जोडिएर वर्षमा १०० हाराहारीमा महिला हिंसा हुने गरेको बताउँछिन्।

वैदेशिक रोजगारी सम्बन्धित घरेलु हिंसामा पनि धेरैजसो आर्थिक कारण देखिएको छ। जस्तो- एक महिला (पहिचान नखुलाइएको)का श्रीमान् १० वर्षअघि कतारमा सवारी दुर्घटनामा बिते। उनी कार्यरत कम्पनीले शव र क्षतिपूर्ति रकम नेपाल पठायो। तर दाहसंस्कार पनि नहुँदै घरझगडा शुरू भयो। गाउँसमाज दुई कित्तामा विभाजन भए। एक पक्षले श्रीमान् गुमाएकी महिलाले पैसा पाउनुपर्ने जिकिर गरे, अर्को पक्षले छोरा गुमाएका बुबालाई हकदार माने। पछि एउटा संयुक्त खाता बनाएर पैसा त्यसैमा राख्ने निधो भयो।

"तर भित्री राजनीति अर्कै थियो। मैले त्यति वेला थाहा पाउन सकिनँ," ती महिला भन्छिन्, "इज्जत जोगाउन मेरो विवाह देवरसँग गराए। म पनि छोराको मुख हेरेर राजी भएँ। तर तीन वर्षपछि मेरा दोस्रा श्रीमान्ले अर्को विवाह गरे।"

उनका अनुसार त्यो विवाह पैसा हात पार्न मात्र गरिएको थियो। त्यसपछि नियमितजसो घरमा विवाद भएको र लामो समयपछि मात्र समाजले निर्क्योल निकालेको उनी बताउँछिन्। "अधिकार पाउन र अन्याय भएको विषयमा बोल्दा सबै मिलेर पिट्थे," उनी भन्छिन्, "अहिले घरखर्च र छोरा पढाउन मात्र पैसा दिन्छन्। विदेशबाट आएको पैसा पनि लिइसक्यो।" त्यही खर्च पनि नदेलान् भन्ने डरले उनले यी अन्यायबारे खुलेर बोल्न आँट गरेकी छैनन्। उनले अहिले घरखर्च बापत श्रीमान्बाट मासिक पाँच हजार पाउने गरेकी छिन्। दुवै श्रीमान्बाट उनका एक-एक छोरा छन्।

महोत्तरी भंगहा-७ की २३ वर्षीया रानी पासवानको दुःख पनि उस्तै छ। २०७८ चैतमा साउदी अरब पुगेका उनका श्रीमान् छोटे पासवान नौ महीनापछि शव बनेर फर्किए। पतिशोकले विचलित रानीलाई क्षतिपूर्ति बापत आउने पैसाकै लागि घर पक्षले दैनिक हिंसा गर्न थाल्यो। त्यही अपमान र हिंसा सहन नसकेर उनी आठ महीनादेखि माइतीमै बस्दै आएकी छिन्।

रानीका अनुसार विदेशबाट कम्पनीले दिएको चार लाख रुपैयाँ जेठाजुले राखेका छन्। यति वेलासम्म रानीले सहेरै बसेकी थिइन्। तर बीमा बापतको थप सात लाख रुपैयाँ आफूले पाएपछि विवाद शुरू भएको उनको भनाइ छ। "क्षतिपूर्ति र कम राख्न ससुरा रामसेवक पासवानको समेत हस्ताक्षर र हने गरी संयुक्त खाता खोलियो। माइतीमा कसैसँग पनि कुराकानी गर्न दिइएन, मोबाइल पनि खोसे," उनी पुराना दिन सम्झिँदै भन्छिन्, "घरबाट पनि निस्कन दिइएन। अनि पैसाका लागि दबाब दिन थालियो।"

दुई छोरीको जन्मदर्ता र आफ्नो नागरिकता सहित विवाह दर्ता समेत खोसिएको उनी बताउँछिन्।

**रित्तो गाउँ, बाँझो खेत**

वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्दै जाँदा यसले मधेशका धेरै गाउँमा खेतीपाती पनि प्रभावित पारेको छ। त्यसैमध्येको एक हो- महोत्तरीको भंगहा नगर पालिका-९, अजगैवा। दुई दशकअघिसम्म यहाँका धेरैलाई वैदेशिक रोजगारीबारे थाहा थिएन। तर अहिले वैदेशिक रोजगारीकै कारण गाउँमा युवाको संख्या न्यून छ।

वडाध्यक्ष राजबाबु यादव गाउँमा युवाको संख्या न्यून भएकैले खेतीमा पनि असर परेको बताउँछन्। भंगहा नगर पालिकाको तथ्यांक अनुसार ५४ घरधुरी रहेको यस अजगैवा टोलका ८७ जना वैदेशिक रोजगारीमा छन्। पहिला प्रत्येक किसानले खेतमा तीन बाली लगाए पनि अहिले त्यो सम्भव नभएको उनको भनाइ छ।

वडाध्यक्ष यादवका अनुसार यस वडामा ६४३ बिघा कुल खेतीयोग्य जमीन छ। जसमध्ये ४०० बिघामा यस वर्ष धानखेती भएको थियो भने बाँकी जमीन विभिन्न कारणले बाँझो थियो। गहुँ र अन्य बाली निकै कम क्षेत्रफलमा भएको उनी बताउँछन्।

*बाँकी पृष्ठ ३ मा*

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वित्तीय सुशासन कायम नगरेका १९९ पालिकाले .....................

पालिका, सभापोखरी गाउँपालिका, सिलीचोङ गाउँपालिका

भोजपुर - आमचोक गाउँपालिका, भोजपुर नगर पालिका, हतुवागढी गाउँपालिका, रामप्रसाद राई गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, षडानन्द नगर पालिका, ट्याम्के मैयुम गाउँपालिका

सोलखुम्बु - थुलुङ दुधकोशी गाउँपालिका, दुधकोशी गाउँपालिका, खुम्बु पासाङल्हामु गाउँपालिका, लिखु पिके गाउँपालिका, माहाकुलुङ गाउँपालिका, नेचासल्यान गाउँपालिका, सोताङ गाउँपालिका

ओखलढुंगा - चम्पादेवी गाउँपालिका, लिखु गाउँपालिका

खोटाङ - ऐसेलुखर्क गाउँपालिका, बराहपोखरी गाउँपालिका, दिप्रुङ चुइचुम्मा गाउँपालिका, हलेसी तुवाचुङ नगरपालिका, जन्तेढुङ्गा गाउँपालिका, केपिलासगढी गाउँपालिका, खोटेहाङ गाउँपालिका, लामिडाँडा गाउँपालिका, साकेला गाउँपालिका

उदयपुर- त्रियुगा नगरपालिका

सिन्धुपाल्चोक - हेलम्बु गाउँपालिका

काठमाडौं - काठमाडौं महानगर पालिका

चितवन - राप्ती नगरपालिका

गोरखा - आरुघाट गाउँपालिका, अजिरकोट गाउँपालिका, भिमसेन गाउँपालिका, धार्चे गाउँपालिका, पालुङ्गटार नगर पालिका, शहीद लखन गाउँपालिका, सिरानचोक गाउँपालिका

लमजुङ - वेसीशहर नगर पालिका, मध्यनेपाल नगर पालिका, मर्स्याङ्दी गाउँपालिका

तनहुँ - बन्दिपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, घिरिङ्ग गाउँपालिका, ऋषिङ्ग गाउँपालिका, शुक्लागण्डकी नगरपालिका

स्याङ्जा - आँधिखोला गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका, फेदीखोला गाउँपालिका, पुतलीबजार नगर पालिका, वालिङ नगरपालिका

कास्की - अन्नपूर्ण गाउँपालिका

मुस्ताङ - बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका

म्याग्दी - अन्नपूर्ण गाउँपालिका, धवलागिरी गाउँपालिका, रघुगंगा गाउँपालिका

रुपन्देही - कन्चन गाउँपालिका, लुम्बिनी साँस्कृतिक नगर पालिका, मर्चवारी गाउँपालिका, ओमसतिया गाउँपालिका

कपिलवस्तु - शुद्धोधन गाउँपालिका

प्युठान - मल्लरानी गाउँपालिका, नौबहिनी गाउँपालिका, प्युठान नगर पालिका

रोल्पा - परिवर्तन गाउँपालिका, रुन्टीगढी गाउँपालिका, गंगादेव गाउँपालिका, थबाङ्ग गाउँपालिका, रोल्पा नगर पालिका

पश्चिम रुकुम - बाँफिकोट गाउँपालिका

दाङ - दंगीशरण गाउँपालिका, लमही नगरपालिका, राजपुर गाउँपालिका, तुलसीपुर उपमहानगरपालिका

बाँके - डुडुवा गाउँपालिका, नरैनापुर गाउँपालिका

सुर्खेत - बीरेन्द्रनगर नगर पालिका

डोल्पा - डोल्पो बुद्ध गाउँपालिका

कञ्चनपुर - बेलौरी नगर पालिका, बेलडाँडी गाउँपालिका, भिमदत्त नगरपालिका, कृष्णपुर नगरपालिका, पुनर्वास नगर पालिका

नवलपरासी पूर्व - बुलिङ्गटार गाउँपालिका, बुङ्दीकाली गाउँपालिका, कावासोती नगर पालिका

# मधेशमा वैदेशिक ..........

लक्ष्मीनियाँ गाउँपालिका-४ का हरिओम शर्माको डेढ बिघा खेत पनि बाँझै छ। तर कुनै समय उनी खेती गरेरै वार्षिक सात लाख रुपैयाँसम्म आम्दानी गर्थे। उमेरले ६४ पुगेका उनी आफैं खेती गर्न सक्ने अवस्थामा छैनन्। उनका तीन छोरा रोजगारीका सिलसिलामा विदेशमा छन्। “खेत बाँझै हुँदा मन त दुख्छ। अरू उपाय पनि त छैन,” उनी भन्छन्।

उनका अनुसार बस्ती वरपरका अधिकांश खेतीयोग्य जग्गा घडेरी र बजारमा परिणत भएको छ। बाँकी जग्गा जनशक्ति अभावमा बाँझो हुन थालेको उनी बताउँछन्।

लक्ष्मीनियाँ गाउँपालिकाकी कृषि अधिकृत संगीताकुमारी झाका अनुसार पालिकामा एक हजार ६०० हेक्टर जमीन विभिन्न कारणले बाँझो छ। यो परिमाण बर्सेनि बढिरहेको कृषि अधिकृत झाको भनाइ छ।

## आर्थिक सबलता

अनेक समस्या सिर्जना गरे पनि वैदेशिक रोजगारीकै कारण मधेशका गाउँ समृद्ध पनि बनेका छन्। त्यसैमध्ये एक हो- धनुषाको सबैला नगरपालिका। देश संघीय संरचनामा जानुअघिसम्म यस गाउँमा ४० प्रतिशत मात्रै पक्की घर थियो। तर अहिले उक्त गाउँमा अपवाद बाहेक शतप्रतिशत पक्की घर छन्। स्थानीयको जीवनशैलीले पनि शहरोन्मुख बस्तीको परिचय दिन थालेको छ। यसको मुख्य कारण वैदेशिक रोजगारी नै रहेको स्थानीय सिराजुल साफी बताउँछन्।

वैदेशिक रोजगारीमा जानेका सन्तान अधिकांश जनकपुर शहरका निजी विद्यालयमा आवासीय विद्यार्थीका रूपमा भर्ना गरिएका छन्। शहरमा पढाउन नसक्नेले पनि गाउँकै निजी विद्यालयमा सन्तान पढाएका छन्। यसले पनि शिक्षामा भएको लगानी दर्शाउँछ।

“सामुदायिक विद्यालयको पढाइ राम्रो नभएर होइन, छोराछोरीको पढाइमा खर्च भएपछि मात्र अभिभावकलाई सन्तुष्टि प्राप्त हुन्छ,” स्थानीय द्वारिका आधारभूत विद्यालयका शिक्षक रामजी साह भन्छन्।

५६ हजार ७६५ जनसंख्या रहेको सबैला नगरपालिकाबाट हालसम्म १२ हजार २७६ जनाले श्रम स्वीकृति लिइसकेको नगर पालिकाको रोजगार शाखाकी लक्ष्मी यादवले जानकारी दिइन्। चालू आर्थिक वर्ष २०८०/८१ को माघसम्म ७०९ जनाले श्रम स्वीकृति लिएको जिल्ला प्रशासन कार्यालय, धनुषाले जनाएको छ। २०६८ को जनगणना अनुसार तत्कालीन सबैला गाविसको प्रतिव्यक्ति आम्दानी ८०० रुपैयाँ थियो। अहिले प्रतिव्यक्ति आम्दानी बढेर एक हजारभन्दा बढी भएको यादवले जानकारी दिइन्।

यस्तै, जग्गाको स्वामित्वमा पनि बढोत्तरी भएको उनी बताउँछिन्। गाविस हुँदा सकुम्बासी र भूमिहीनको संख्या करीब ६ हजार भएकामा अहिले पालिकामा दुई हजार ४७४ सुकुम्बासी र २७५ जना मात्र पूर्ण भूमिहीन भएको उनी जानकारी दिन्छिन्। “सबै व्यक्ति हुनेखाने भएका छन्। अधिकांशले आफूलाई वर्षभरि खान पुग्ने खेत जोडेकै छन्,” उनी भन्छिन्, “स्वास्थ्य र शिक्षामा पनि अपवाद बाहेक सबैको पहुँच छ।” उनका अनुसार नगरवासीको स्वास्थ्य सेवामा पनि पहुँच बढेको छ। यस पालिकामा करीब ६५ प्रतिशत पक्की घर भएको र ३५ प्रतिशत घरको छानो टालीले छाएको उनको भनाइ छ।

तर राजर्षि जनक विश्वविद्यालयमा समाजशास्त्र अध्यापन गराइरहेका सहप्राध्यापक अजयकुमार यादव वैदेशिक रोजगारीको सकारात्मक र नकारात्मक दुवै पाटो भए पनि बढी नकारात्मक प्रभाव नै रहेको बताउँछन्।

उनका अनुसार वैदेशिक रोजगारीले अधिकांश नागरिकलाई जीविकोपार्जनको सुनिश्चितता भयो। धेरै महिलाले परिवारकै नेतृत्व गर्ने अवसर पाए। आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधिमा महिलाको सहभागिता बढ्दै गयो भने सम्पत्तिमाथि पनि महिलाको स्वामित्व भयो। तर वैदेशिक रोजगारीको सिलसिलामा लाखौं जनशक्ति विदेशी भूमिमा रहँदा देशभित्र श्रमशक्तिको अभाव भएको, प्रतिभा पलायन र श्रम पलायन हुँदा स्वदेशमा आधारभूत स्रोतसाधनको समेत परिचालन गर्न नसकिने अवस्था सिर्जना भएको यादव बताउँछन्।

यता, मधेश प्रदेश सरकारले पनि वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न कुनै ठोस योजना ल्याउन सकेको छैन। प्रदेश सांसद एवं महिला बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपा यादव केन्द्र सरकारले आवश्यक कानून नबनाइदिंदा प्रदेश सरकारले पनि द्रुत गतिमा काम गर्न नसकेको बताउँछिन्।

सरकारले चालू आवमै वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन ‘श्रम तथा रोजगार नीति बनाएको पनि उनी बताउँछिन्। प्रदेश सरकारले युवाहरूलाई सीपमूलक तालीम दिएर दक्ष बनाउने काम गरे पनि स्रोतसाधन नहुँदा नियमित रोजगारी दिन नसकेको तर आगामी दिनमा प्रभावकारी योजना ल्याएर विदेशगमन रोक्ने योजना रहेको उनी जनाउँछिन्। भन्छिन्, “कृषिमा मात्रै १० लाख युवालाई रोजगारी दिने योजनाको खाका बनाउँछौं।”-हिमाल खबर

# बर्दिवासका ‘इको पार्क’ संरक्षण ....

गरिएका दुवै पार्क समुचित व्यवस्थापनको अभावमा अस्तव्यस्त बन्न पुगेको हो । डिभिजन वन कार्यालय महोत्तरीका अनुसार दुवै इको पार्क आव ०७७-७८ मै निर्माण भएका हुन् । यी पार्क हेटौंडा ढल्केबर ४०० केभी हाइटेन्सन लाइनको मुनि निर्माण गरिएका छन् । पार्कमा घेरबार, जैविक विविधता झल्कने आरसिसी बेन्च, सिमेन्ट टायल्स लगाएको पदमार्ग, बाटोको दायाँ बायाँ फूल बगैँचा, फलामे गेट जस्ता सबै पूर्वाधार तयार छन् ।

पार्कनजिकै रहेको सबडिभिजन वन कार्यालय माईस्थानका एक कर्मचारीका अनुसार सुरुमा यी पार्कको चारैतिर एक सयभन्दा बढी त धुपी र अशोकका बोट मात्र रोपिएको थियो । ‘सुन्दर पार्क हेर्दैमा मन प्रशन्न हुन्थ्यो’, ती कर्मचारीले विगत सम्झे । अहिले भने रोपिएका सबै बिरुवा सुकेर गएका छन् । पार्कलाई काँस, वनमारा र माइकोनिया झारका घारीले कुरूप पारेको छ । रेखदेख र स्याहार सम्भार नहुँदा भावर क्षेत्रको जैविक र पारिस्थितिकीय महत्व बोकेका दुवै इको पार्क खण्डहर बनेका छन् ।

पार्कनजिकै बर्दीबास-४, माईस्थानमा धार्मिक, ऐतिहासिक र प्राचीन महत्व बोकोको पञ्चधुरा मन्दिरसमेत भएकाले इको पार्कले धार्मिक पर्यटनलाई प्रवर्धन गर्ने सर्वसाधारणमा आशा जगाएको थियो तर सञ्चालन गर्न नसक्दा अमूल्य सम्पदा पत्रु बनेको वडाध्यक्ष अक्कलबहादुर तामाङले आलोचना गर्नुभयो । राज्यको ठुलो लगानीमा निर्माण भएका दुवै पार्कको जिम्मेवार को ? त्यो पनि स्पष्ट छैन । जिज्ञासा राख्दा प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयहरू एकले अर्कोलाई जिम्मेवार देखाएर पन्छने गरेका छन् । तथापि थोत्रो हुन लागेका पार्कको बोर्डमा भने तत्कालीन प्रदेश नं २ सरकारको वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय महोत्तरी उल्लेख छ ।

डिभिजन वन कार्यालय महोत्तरीका डिएफओ सन्तोष झाले कुनै पनि कार्यक्रम सञ्चालन गरिसकेपछि त्यसको संरक्षण व्यवस्थापनको सुनिश्चित भए त्यो प्रभावकारी हुने धारणा राख्नुभयो ।

वन क्षेत्रमा संरचना निर्माण भए पनि संरक्षण व्यवस्थापनका लागि बजेट व्यवस्था नभएको र कुनै निकायलाई जिम्मेवारी हस्तान्तरणसमेत नगर्दा पार्क बेवारिसे अवस्थामा पुगेको उहाँको भनाइ थियो ।

प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले पार्कको दुरवस्थाको जिम्मेवार डिभिजन वन कार्यालय भएको आरोप लगाउनुभयो ।

हाइटेन्सन मुनिको खाली जग्गालाई सदुपयोग गर्न तथा पर्यावरण संरक्षण गर्दै आन्तरिक पर्यटन प्रवर्धन गर्ने उद्देश्यले निर्माण गरिएका इको पार्क माईस्थान गढन्ता साझेदारी वन तथा बाँके मरहा साझेदारी वन अन्तर्गत पर्दछन् ।-गोरखापत्र

Habitat for Humanity® Nepal

## कार्यालयको लागि घर आवश्यक्ता

ह्याविट्याट फर ह्युम्यानिटी नेपाल फिल्ड कार्यालय संचालन गर्न बर्दिबास बजार क्षेत्रमा तपसिल बमोजिमको सुविधा भएको घर आबश्यक भएकोले इच्छुक घर धनीले आबेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

- नेपाल सरकारको सम्बन्धित निकायबाट भवन निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरिसकेको ।
- ८–१० वटा कोठा, १ बैठक हल तथा घरको भित्रि क्षेत्रफल न्युन्तम १,५०० Sq. Feet र कम्पाउन्ड घेरिएको ।
- कम्तिमा २० फिट बाटो, बिजुली, पानी, ढलको सुबिधा भएको ।
- कम्तिमा ३ वटा साना तथा मझौला गाडि, १० वटा मोटरसाइकल र १ कन्टेनर (Container) का लागि पार्किङ्ग सुबिधा भएको ।

**पेश गर्नु पर्ने कागजातहरुः**

आवेदन, भवनको नक्शा र निर्माण सम्पन्न प्रमाणपत्रको फोटोकपी, मासिक रुपमा लिन चाहेको घर भाडा (कर सहित), सम्पर्क व्यक्ती र फोन नं.

**आवेदन दिने अन्तिम मिति : २३ फागुन २०८० (०६ मार्च २०२४)**

**आबेदन दिने स्थान र ठेगानाः फिल्ड कार्यालय विराटनगर**

**इमेल ठेगानाः procurement@habitatnepal.org**

सम्पर्क नम्वर : ०२१-४७४३०३, ९८२०७३८१८५, ९८०१०३३८१८

प्रारम्भिक छनौटमा पर्न सफल आवेदकहरुलाई मात्र थप परामर्शको लागि सम्पर्क गरिनेछ ।

➢ **छनौट सम्वन्धी सम्पुर्ण अधिकार ह्याविट्याट नेपालमा निहित रहने छ ।**

# वित्तीय सुशासन कायम नगरेका १९९ पालिकाले विकास बजेट नपाउने !

**खबर दर्पण समाचारदाता**
**फागुन १७ गते, बर्दिवास**

वित्तीय अनुशासन कायम नगरेका करिब दुई सय स्थानीय तहको विकास बजेट रोक्का हुने सम्भावना बढेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) मा ७५३ मध्ये १९९ वटा स्थानीय तह नपरेकाले बजेट कटौती हुने देखिएको हो ।

मन्त्रालयका प्रवक्ता भट्टराईले एफआरएभित्र नपरेकाको हकमा समानीकरण हुने बजेट तलमाथि पर्ने बताए । 'जुनजुन पालिकाको एफआरए भएको छैन, उनीहरूले वित्तीय सुशासन कायम नगरेको भनेर बुझिन्छ । बजेट पठाउँदा त्यही अनुसार मूल्याङ्कन गरेर सिफारिस गरिन्छ' उनले रातोपाटीसित भने ।

जिल्ला समन्वय समितिमार्फत हरेक वर्ष मन्त्रालयले एफआए गर्दै आएको छ । यो वर्ष ५५४ वटा पालिकाको मात्र एफआर एको नतिजा प्रकाशन भएको छ ।

१०० नम्बरको मूल्याङ्कनमा यो पटक उच्चतम ९९ र न्यूनतम १६ अंक दिइएको छ। चितवनको खैरहनीले उच्चतम अंक र रौतहटको बौधीमाई नगर पालिकाले न्यूनतम अंक पाएका छन् । एफआरएमा परेका पालिकाहरूले यो पटक लेखांकन तथा प्रतिवेदनलाई विशेष जोड दिएका थिए भने अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण कम महत्त्व दिएका थिए ।

मन्त्रालयका अनुसार पालिकाको पृष्ठपोषण सहित जिल्ला समन्वय समितिबाट ५७० वटा पालिका प्रारम्भिक नतिजा निकालिएको थियो । तर सबै प्रक्रिया पुरा गरेका ५५४ वटा पालिकाको मात्र अन्तिम नतिजा मन्त्रालयले प्रकाशन गरेको हो ।

यी हुन् मूल्याङ्कन नपरेका पालिकाहरू

धनुषा - औरही गाउँपालिका, क्षिरेश्वरनाथ नगरपालिका, धनौजी गाउँपालिका, धनुषाधाम नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, हंसपुर नगरपालिका, कमला नगरपालिका, लक्ष्मीनिया गाउँपालिका, सबैला नगरपालिका, शहीद नगर नगरपालिका

महोत्तरी - भँगाहा नगरपालिका, जलेश्वर नगरपालिका, लोहरपट्टी नगरपालिका, महोत्तरी गाउँपालिका, सोनमा गाउँपालिका

सर्लाही - चक्रघट्टा गाउँपालिका, धनकौल गाउँपालिका, गोडैटा नगरपालिका हरिपुर्वा नगरपालिका, ईश्वरपुर नगरपालिका, कविलासी नगरपालिका, कौडेना गाउँपालिका, पर्सा गाउँपालिका, रामनगर गाउँपालिका

रौतहट - वृन्दावन नगरपालिका, चन्द्रपुर नगरपालिका, देवाही गोनाही नगरपालिका, गढीमाई नगरपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, कटहरिया नगरपालिका, मौलापुर नगरपालिका, राजपुर नगरपालिका, यमुनामाई गाउँपालिका

पर्सा - वीरगन्ज महानगरपालिका, धोबीनी गाउँपालिका, जिराभवानी गाउँपालिका, कालिकामाई गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, ठोरी गाउँपालिका

सप्तरी - अग्निसाइर कृष्ण सवरन गाउँपालिका, बलान बिहुल गाउँपालिका, राजगढ गाउपालिका, बिष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कङ्कालिनी नगरपालिका, खडक नगरपालिका, महादेवा गाउँपालिका, राजविराज नगरपालिका, रुपनी गाउँपालिका, सप्तकोशी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका, तिरहुत गाउँपालिका

सिरहा - अर्नमा गाउँपालिका, औरही गाउँपालिका, बरियारपट्टी गाउँपालिका, भगवानपुर गाउँपालिका, गोलबजार नगरपालिका, कल्याणपुर नगरपालिका, कर्जन्हा नगरपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, नवराजपुर गाउँपालिका, सखुवानान्कारकट्टी गाउँपालिका, सिराहा नगरपालिका, सुखीपुर नगरपालिका

ताप्लेजुङ - आठराई त्रिवेणी गाउँपालिका, मेरिङदेन गाउँपालिका, मिम्वाखोला गाउँपालिका, फक्ताङलुङ गाउँपालिका, फुङ्लिङ गाउँपालिका, याङवरक गाउँपालिका

पाँचथर - फालेलुङ गाउँपालिका, फाल्गुनन्द गाउँपालिका, हिलिहाङ गाउँपालिका, कुम्मायक गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, फिदिम नगरपालिका, तुम्बेवा गाउँपालिका, याङवरक गाउँपालिका

इलाम - चुलाचुली गाउँपालिका, इलाम नगरपालिका, माई नगरपालिका, माई जोगमाई गाउँपालिका, माङसेबुङ गाउँपालिका

झापा - बाह्रदशी गाउँपालिका, दमक नगरपालिका, गौरिगञ्ज गाउँपालिका, कचनकवल गाउँपालिका, कमल गाउँपालिका, शिवसताक्षी नगरपालिका

मोरङ - बेलबारी नगरपालिका, धनपालथान गाउँपालिका, कानेपोखरी गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, रंगेली नगरपालिका, सुन्दरहरैंचा नगरपालिका, सुनवर्षी नगरपालिका

तेह्रथुम - आठराई गाउँपालिका, छथर गाउँपालिका

लालीगुराँस नगरपालिका, मेन्छयायेम गाउँपालिका, म्याङलुङ नगरपालिका, फेदाप गाउँपालिका

संखुवासभा- भोटखोला गाउँपालिका, चैनपुर नगरपालिका, चिचिला गाउँपालिका, धर्मदेवी नगरपालिका, खाँदबारी नगरपालिका, मादी नगरपालिका, मकालु गाउँपालिका, पाँचखपन नगर

*बाँकी पृष्ठ ३ मा*

# सोनमा गाउँपालिकामा खोप अभियान सम्बन्धी गोष्ठी सम्पन्न

**खबर दर्पण समाचारदाता**
**फागुन १७ गते, महोत्तरी**




धनुषा खानेपानी संस्थान जनकपुरधामले पाइपमार्फत वितरण गर्ने खानेपानीबाट ८८ प्रतिशत घरधुरी अहिले पनि खानेपानीबाट वञ्चित रहेका छन् ।

जनकपुरधाम नगर क्षेत्रमा दैनिक २ करोड ५० लाख लिटर पानीको माग रहे पनि संस्थानले १२ प्रतिशत घरमा मात्र पाइपमार्फत पानी आपूर्ति गर्दै आइरहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांक हेर्ने हो भने मधेश प्रदेशको राजधानी जनकपुरधाममा ४० हजार ४ सय ९ घर परिवार रहेका छन् । तर खानेपानी संस्थानले हालसम्म ४ हजार ६ सय ८५ घरमा मात्र धारा जडान गरेको छ । जडान गरेको धारामध्ये ४४ प्रतिशत घरमा आंशिक रुपमा मात्र पानी आउने गरेको छ ।

संस्थानले जनकपुरधाम उपमहानगरपालिकामा रहेका २५ वटा वडामध्ये १४ वटा वडामा ४ हजार ६ सय ८५ घरमा मात्रै धारा जडान गरिएको छ भने जडान भएको धारामध्ये ५६ प्रतिशतमा मात्रै पूर्णरुपमा पानी आउने गरेको संस्थानका प्रमुख विष्णुदेव साहले जानकारी दिए। संस्थानले जनकपुरधाम- १० र रामानन्द चोकमा निर्माण भएको ४ लाख ५० हजार क्षमताका दुईवटा ओभरहेड ट्यांकीमा ६ वटा डिपबोरिङबाट संकलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण गरिरहेको छ । तर ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण ठाउँठाउँमा पाइप फुटेको, चर्केको र जीर्ण रहेकोले धेरै ठाउँमा खानेपानी पुऱ्याउन नसकिएको प्रमुख साहले बताए ।

सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपका कारण सबै वडामा खानेपानीको आपूर्ति गर्न सकेको छैन । करिब ५० प्रतिशत मात्रै नियमित रुपमा पानी आपूर्ति हुने गरेको छ। संस्थानले चालु आर्थिक वर्षमा कार्यालयभित्र एक करोड ३० लाख मूल्य बराबरको लागतमा थप ५ लाख लिटर क्षमताको ट्यांकी, ४ करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीदेखि वडा नं ८ स्थित होटल सियाशरणसम्म ६ लेन सडक छेउमा ७ किलोमिटर लामो सडकको दायावायाँ ८, ८ इन्चको पाइप विछ्याउने कार्य गरिरहेको छ। सीमित स्रोतसाधन भए पनि संस्थाले ५ लाख लिटर पानी भण्डारण हुने र चालु आर्थिक वर्षमा थप एक हजार धारा जडान गर्ने लक्ष्य लिएको छ ।

सुख्खायामा यहाँका चापाकलहरु सुख्खे गरेका गर्छन् भने खानेपानी संस्थानले सबै ठाउँमा पानीसमेत पुऱ्याउन नसकिरहेको अवस्थामा जनकपुरधाममा निकट भविष्यमै खानेपानीको गम्भीर समस्या उत्पन्न हुने सर्वसधाराणको भनाइ छ ।

मधेश प्रदेशको राजधानीममै खानेपानीमा समस्या देखिए पनि यस विषयमा प्रदेश सरकार गम्भीर देखिएको छैन ।


## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्वारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

तपसील

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**

**सिट संख्या : २ जना (स्नातक तह)**

**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**

**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**

वर्दिवास, महोत्तरी

सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५



सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**बर्दिवास नगरपालिका, महोत्तरी**



सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**सोनमा गाउँपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail: khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा